धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ५९ ◆ २०८३ भदौ ३० मंगलबार ◆ Tuesday, September 15, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## रसुवाका १३ खानेपानी आयोजनामा २५ करोड बढीको क्षति

*प्रत्यूष समाचारदाता*

काठमाडौँ। भोटेकोशी नदीमा यही भदौ १० गते गएको विनाशकारी बाढीका कारण रसुवाका विभिन्न स्थानमा सञ्चालित १३ वटा खानेपानी तथा सरसफाइ आयोजनामा पूर्ण तथा आंशिक रूपमा क्षति पुगेको छ । खानेपानी तथा ढल व्यवस्थापन विभागका अनुसार बाढीका कारण ती १३ आयोजनामा कम्तीमा रु २५ करोड २५ लाख बराबरको क्षति भएको छ। बाढीबाट एक हजार ६२३ जना नागरिक सुरक्षित खानेपानी सुविधाबाट प्रत्यक्ष प्रभावित भएका छन् ।

विभागका महानिर्देशक कमलराज श्रेष्ठका अनुसार बाढीले विशेषगरी गोसाइँकुण्ड र उत्तरगया गाउँ पालिकाका खानेपानी आयोजनामा ठूलो क्षति पुर्याएको छ। अधिकांश आयोजना पूर्णरूपमा क्षतिग्रस्त भएका छन् भने केही आयोजनाका मूललाइन, शाखा पाइपलाइन तथा खानेपानीका धारासमेत बाढीले बगाएको छ । उहाँका अनुसार गोसाइँकुण्ड गाउँपालिका वडा नं. १, २ र ५ मा रहेका खानेपानी आयोजना पूर्णरूपमा क्षति भएका छन् । ती आयोजनामा भएको क्षतिका कारण मात्रै करिब ९०० भन्दा बढी नागरिक खानेपानी सेवाबाट वञ्चित भएका छन् । त्यसैगरी उत्तरगया गाउँपालिकाका वडा नं. ३ र ४ मा सञ्चालित खानेपानी आयोजनामा बाढीले पूर्णरूपमा क्षति पुर्याएको विभागले जनाएको छ ।

कैदलटार, सिम्ले मुहान र बाँस थलसिमल गायतका आयोजनामा मुख्य तथा शाखा पाइपलाइन र खानेपानीका धारामा क्षति पुगेको छ। बाढीबाट क्षतिग्रस्त आयोजनाको पुनःनिर्माण तथा खानेपानी सेवा सुचारु गर्न आवश्यक प्रक्रिया अघि बढाइने महानिर्देशक श्रेष्ठले बताउनुभयो ।

## एसियाली खेलकुदः क्रिकेटमा नतिजा बदल्ने लक्ष्यमा नेपाल

*लोकेश धामी*

काठमाडौँ । एसिसी प्रिमियर कप विजेता नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीले लगत्तै अब २०औँ संस्करणको एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्ने तालिका छ। असोज ३ गतेदेखि जापानमा आयोजना हुन लागेको प्रतियोगितामा क्रिकेटतर्फ नेपालको पुरुष टोलीले प्रतिस्पर्धा गर्न लागेको हो ।

एसियाली खेलकुदमा क्रिकेट खेलमा नेपालको यो चौथो सहभागिता हो । नेपाली टोलीले यसअघि सन् २०१०, २०१४ र २०२३ को एसियाली खेलकुदमा भाग लिएको थियो । ती तीनवटै संस्करणमा नेपालले क्वार्टरफाइनलसम्मको यात्रा गरेको थियो ।

यसपालि टोली उच्च लयमा रहेका कारण क्वार्टरफाइनलभन्दा माथि पुग्नसक्ने खेलाडी र खेल विश्लेषकको अनुमानमा छ। राष्ट्रिय क्रिकेट टोलीका पूर्वखेलाडी शक्ति गौचन यसपटक नेपालले विगतभन्दा उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुहुन्छ । "विगतको संस्करणमा हामी एसियन गेम्सको क्वार्टरफाइनलसम्म पुगेका थियौँ । हामीले त्यति नै गर्न सक्यौँ । अहिलेको टोलीसँग त्योभन्दा राम्रो नतिजा निकाल्ने क्षमता छ," गौचनले संचारकर्मीसंग भन्नुभयो, "एसियन गेम्समा क्रिकेटतर्फ नेपाल क्वार्टरफाइनलभन्दा माथि पुग्ने सम्भावना धेरै छ। केही दिनअघि एसिसी प्रिमियर कपमा उपाधि जितेका कारण पनि टोलीमा आत्मविश्वास बढेको छ।"

समूह चरणमा उत्कृष्ट प्रदर्शन गर्न सके क्वार्टरफाइनलमा बलियो टोलीसँग प्रतिस्पर्धा गर्न पाइने भएकाले टोलीले उच्च मनोबलका साथ खेल्नुपर्ने उहाँको भनाइ छ। "हामीले गोल्ड मेडलको आशा गरेर खेल्नुपर्छ । क्रिकेटमा त्यो सम्भावना पनि छ । टी-२० ढाँचामा जुन टोलीले जसलाई पनि हराउन सक्छ," राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य रहनु भएका गौचनले भन्नुभयो, "एसियन गेम्स ठूलो प्रतियोगिता भएकाले खेलाडीसामु आफ्नो क्षमता देखाउने अवसर पनि हो। केही वर्षयता टी-२०आई क्रिकेटमा लगातार राम्रो गरिरहेकाले आसन्न एसियन गेम्समा पनि नेपालले राम्रो नतिजा ल्याउनेछ।" उहाँले आफूले एसियन गेम्स खेल्दाको अनुभव पनि सुनाउनुभयो। "मैले तीन संस्करणमध्ये सन् २०१४मा भएको एसियन गेम्समा खेल्ने मौका पाएको थिए । त्यतिबेला हामीले क्वार्टर फाइनल सम्मको यात्रा गरेका थियौँ।

अफगानिस्तानसँगको हारले यात्रा रोकिएको थियो । यसपालि नेपालले समूह चरणमै अफगानिस्तान सँग खेल्दैछ, आशा छ टोलीले उच्चस्तरको प्रदर्शन गर्नेछ," गौचनले भन्नुभयो, "त्योबेला र अहिले नेपाली क्रिकेटमा धेरै परिवर्तन छ। टी-२० ढाँचाका लागि हामीसँग खेलाडीको विकल्प बढेको छ । टोलीको वरीयतादेखि अन्य पक्षमा धेरै सुधार भएको छ।"

नेपालले क्रिकेटतर्फ पहिलो पटक सन् २०१० को एसियाली कुलकदमा प्रतिस्पर्धा गरेको थियो। चीनको ग्वाङ्झाउमा भएको उक्त संस्करणमा नेपालले समूह चरणमा हङकङविरुद्ध ३० रनको पराजय व्यहोर्दा माल्दिभ्सविरुद्ध ७५ रनको एकतर्फी जित निकालेको थियो ।

समूह उपविजेताको रूपमा क्वार्टरफाइनलमा पुगेको नेपाली टोली श्रीलङ्काविरुद्ध २ विकेटले पराजित भयो ।

नेपाली क्रिकेट टोलीले दोस्रोपटक सन् २०१४ को एसियाली खेलमा सहभागिता जनाएको थियो। दक्षिण कोरियाको इन्चोनमा भएको त्यस संस्करणमा नेपालले समूह चरणमा कुवेतविरुद्ध ९ विकेट र माल्दिभ्सविरुद्ध सात विकेटको फराकिलो जित दर्ता गरेको थियो। क्वार्टरफाइनलमा भने नेपाल अफगानिस्तानसँग ८ रनले स्तब्ध भयो ।

## भारतबाट दैनिक ६५४ मेगावाट विद्युत्

काठमाडौँ । भारत सरकारले नेपाललाई दैनिक ६५४ मेगावाट विद्युत् उपलब्ध गराउने भएको छ। भारतको ऊर्जा मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै उक्त जानकारी दिएको हो ।

भारतरले यही सेप्टेम्बर १३ देखि आगामी डिसेम्बर ३१ सम्म नेपाल विद्युत् प्राधिकरणलाई राति १२ बजेदेखि साँझ ६ बजेसम्म विद्युत् उपलब्ध गराउने निर्णय भएको जनाएको छ । भारतका अनुसार मुजफ्फरपुर-ढल्केबर ४०० केभी डबल सर्किट प्रसारण लाइनमार्फत अधिकतम ६०० मेगावाट र टनकपुर-महेन्द्रनगर १३२ केभी सिङ्गल सर्किट प्रसाइनमार्फत ५४ मेगावाट विद्युत् उपलब्ध गराइनेछ ।

भारतले सन् २०२७ जनवरी देखि हुने विद्युत् निर्यात भने सन् २०२६ डिसेम्बरमा समीक्षा गरिने उल्लेख गरेको छ । यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको भीषण बाढीका कारण जलविद्युत् आयोजनाका पूर्वाधारमा असर परेको छ । भारतले कठिन परिस्थितिमा नेपाललाई सहयोग गर्न तथा ऊर्जा क्षेत्रमा दुई देशबीचको द्विपक्षीय सहकार्यलाई थप सुदृढ बनाउन प्रतिबद्ध रहेको उल्लेख गरेको छ ।

## बाढी प्रभावित क्षेत्रका सडक सञ्जाल असोजभित्रै सञ्चालन हुन्छ : लम्साल

काठमाडौँ । सरकारले भोटेकोशी बाढी प्रभावित क्षेत्रका क्षतिग्रस्त सडक असोजभित्र सञ्चालनमा ल्याउने गरी काम अगाडि बढाएको छ ।

प्रधानन्त्री वालेन्द्र शाहसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सोमबार बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिसँग भएको छलफलमा पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले विभिन्न विषयगत आठ वटा कार्यदल निर्माण गरी सडक र पुल निर्माणलाई गति दिएको बताउनुभयो । मन्त्री लम्सालले पूर्वाधार पुनःनिर्माणमा दोहोरोपना हुन नदिनका लागि स्थानीय जनप्रतिनिधिलाई सघाउन आग्रह गर्नुभयो । उहाँले बाढी प्रभावित क्षेत्रमा तत्काल वैकल्पिक सडक सञ्चालन, तुइन र झोलुङ्गे पुल जडानलाई गति दिइरहेको स्पष्ट पार्नुभयो । अब पक्की सडक र पुलको निर्माणलाई छिटो सक्ने गरी काम गर्ने उहाँको भनाइ छ ।

यही क्रममा काठमाडौंमै रहेर आफ्नो नेतृत्वको मन्त्रालय मातहतका विभिन्न निकायका प्रमुखसँग छलफलमा जोडिएर आ-आफ्नो प्रभावित क्षेत्रका क्षतिग्रस्त पूर्वाधारको विवरण दिन, योजना बनाउन, निर्माणमा समन्वय, अनुगमन र नियमन गर्न स्थानीय जन प्रतिनिधि हरूसँग उहाँले आग्रह गर्नुभयो। "प्रभावित क्षेत्रमा आगामी मङ्सिरसम्म खानेपानी प्रणाली पुनःस्थापना गरिनेछ", मन्त्री लम्सालले भन्नुभयो, " ती क्षेत्रमा स्वास्थ्य, शिक्षालगायत पूर्वाधार निर्माणमा पनि सरकारले काम गरिरहेको छ ।"

छलफलमा भोटेकोशी बाढी प्रभावित जिल्ला नुवाकोटका प्रतिनिधिसभा सदस्य एवं सूचना तथा सञ्चारमन्त्री विक्रम तिमिल्सिना ले गैर सरकारी संस्थाहरू ले बाढी प्रभावितलाई घर बनाइदिने, ज्येष्ठ नागरिक तथा बालबालिकालाई संरक्षण गरिदिनेजस्ता आश्वासन



दिँदै हिँडिरहेको भन्दै उनीहरूले राष्ट्रिय विपद् जोखम न्यूनीकरण तथा व्यवस्थापनसँगको समन्वयमा मात्रै काम गर्नुपर्ने बताउनुभयो । उहाँले प्रभावित क्षेत्रका कुनै पनि पीडित नछुट्ने गरी तथ्याङ्क सङ्कलन गरी सरकारलाई समयमै उपलब्ध गराउन स्थानीय जनप्रतिनिधिलाई आग्रह गर्नुभयो ।

## संस्थापनइतर पक्षको छुट्टै महाधिवेशन

काठमाडौँ । नेपाली कांग्रेसको संस्थापनइतर पक्षले आगामी मङ्सिर २१ देखि २३ गतेसम्म पार्टीको छुट्टै १५औँ महाधिवेशन गर्ने भएको छ। सो पक्षले सोमबार पत्रकार सम्मेलन गरी संस्थापन पक्षले पार्टीलाई एकताबद्ध बनाउने सम्बन्धमा खासै चासो नदिएको र संवादलाई बेवास्ता गरेको भन्दै आगामी मङ्सिरमा १५औँ महाधिवेशन थाल्ने जनाएको हो ।

उक्त महाधिवेशन तयारी समितिका संयोजक प्रा डा शशांक कोइरालाले १४औँ महाधिवेशनबाट निर्वाचित नेतृत्वले सार्वजनिक गरेको कार्यतालिकाअनुसार आगामी असोज १५ गतेदेखि वडा तहको अधिवेशन सुरु गर्ने जानकारी दिनुभयो ।

सो क्रममा संयोजक प्रा डा कोइरालाले भन्नुभयो, "पार्टीको आधिकारिकता सम्बन्धी विषय सर्वोच्च अदालतमा विचारा-धीन रहेको अवस्थामा पार्टीको अधिवेशन र महाधिवेशनको एकतर्फी रूपमा घोषणा गरिएको कार्यतालिका स्थगन गरेर वार्ता र संवादमार्फत सहमतिमा पुग्ने वा सर्वोच्च अदालतको निर्णयको प्रतिक्षा नगरी एकलौटी रूपमा अगाडि बढ्नु कुनै पनि हालतमा उचित मान्न सकिन्न ।"

उहाँले पार्टीको भविष्यलाई केन्द्रमा राखेर कानुनी र राजनीतिक दुवै पक्षको सम्मान हुनेगरी समाधान खोज्नु आवश्यकता भएको उल्लेख गर्नुभयो । पार्टीको संस्थापन पक्षले आइतबार मात्रै कार्यसम्पादन समितिको बैठकबाट निर्णय गरी आगामी असोज ३ गतेदेखि वडा अधिवेशन थाल्ने र असोज १६ देखि १९ गतेसम्म १५औँ महाधिवेशन गर्ने तालिका सार्वजनिक गरेको थियो ।

## पहिचान नभएका शवको व्यवस्थापन

*प्रत्यूष समाचारदाता*

नुवाकोट । भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीमा परेर ज्यान गुमाएका व्यक्तिको पहिचान नभएका शवको यहाँको विदुर नगरपालिका-६ स्थित खम्पाक्याम्पमा व्यवस्थापन गरिएको छ ।

रसुवाको विभिन्न स्थानबाट सङ्कलन गरिएको ६३ र नुवाकोटको दुईसहित ६५ शवको व्यवस्थापन गरिएको हो। यसअघि नुवाकोट र रसुवाबाट सङ्कलन भएका शव काठमाडौँ पठाउँदै आएकोमा स्थान अभावको कारण जिल्लामा नै व्यवस्थापन गर्न भनेसँगै 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम सङ्कलन गरिएका शवको खाडलमा पुरेर व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रहरी उपरीक्षक बिपीन रेग्मीले जानकारी दिनुभयो। उहाँको अनुसार डिएनए परीक्षणका लागि नमूना सङ्कलन गरेर परीक्षणमा मेल खाएमा आफन्तलाई सहजै उपलब्ध गराउन सकिने गरेर अन्तरराष्ट्रिय मापदण्डसहित व्यवस्थित र वैज्ञानिक रूपमा शवको व्यवस्थापन गरिएको छ ।

"खाडलमा राख्नुअघि प्रत्येक शवको डिएनएका लागि नमूना सङ्कलन, शव गाड्न निश्चित दूरीअनुसार स्थान निर्धारण, शव वा शवका टुक्रालाई विशेष प्रकारको ब्यागमा राखेर ब्यागभित्रै शवको पहिचान खुल्ने सङ्केत नं समेत उल्लेख गरेर व्यवस्थापन गरिएको छ", प्रहरी उपरीक्षक रेग्मीले भन्नुभयो, "व्यवस्थापन भएका शव आगामी दिनमा पहिचान भई निकाल्नुपरेमा सहज बनाउन कङ्क्रिटको ढलानमा शवलाई दिइएको संकेत नं जमिनको सतहमा राखेर जीपीएस नक्साङ्कनसमेत समावेश गरिएको छ ।"

भोटेकोशी हुँदै त्रिशूली नदीमा यही भदौ १० मा आएको विनाशकारी बाढीमा परेर अहिले सम्म नुवाकोटमा २०२ र रसुवा १८६ शव भेट्टिएका छन् । त्योमध्ये रसुवामा १० जना र नुवाकोटमा १८ जनाको पहिचान भएसगैं सम्बन्धित परिवारले बुझेका छन् भने बाँकी शव यसअघि व्यवस्थापनको लागि काठमाडौँ पठाइएको थियो। नुवाकोट र रसुवाबाट पहिचान नभएका शव शिक्षण अस्पताल महाराजगञ्जमा पठाउँदै आएकामा अबका दिनमा 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका अनुसार शवको व्यवस्थापन गर्न भनेपछि विदुर नगरपालिका-६ खम्पाक्याम्प स्थित केन्द्रीय कारागार र फोहरको डम्पिङ क्षेत्र नजिकैको सुरक्षित स्थानमा व्यवस्थापन गरिएको हो । शव व्यवस्थापनमा अन्तरराष्ट्रिय रेडक्रस समिति (आइसीआरसी) को मापदण्ड अनुसार अत्यन्तै व्यवस्थित र वैज्ञानिक रूपमा गरिएको हुँदा डिएनएमार्फत पहिचान भएमा सहजै उपलब्ध गराउन सकिने प्रहरीले जनाएको छ। सरकारले गरेको यस खालको निर्णय नै सबैभन्दा बैज्ञानिक तरिकाको भएको बताइएको छ ।

## सम्पादकीय ....

### तिजका विविध पक्ष

तिजसँग गाँसिएका थुप्रै पक्ष छन् । माइतीसँगको भेटघाट, आमा-फुपू, दिदीबहिनीले बनाएको दर भोजन, उन्मुक्त भएर नाचगान आदि । तिजका अवसरमा माइतीको अन्य माध्यमबाट बोलाउने वा दाजुभाइ गएर लिन जाने परम्परा चलेकै छ। चेली पनि हतारिँदै दर खाने साँझसम्म जसरी पनि पुग्ने क्रम चलेकै छ । एकै पटक भेट भएका आमा, फुपु, दिदीबहिनी, साथीसँगी दौँतरीसँगको भेट अरूबेला सितिमिति जुर्दैन । उनीहरूसँगको भलाकुसारी, सुखदुःखका कुराकानीले दिन नै छुट्टै आनन्दित हुन्छ ।

बेलुकी आमा फुपूका हातबाट पाक्ने दरको स्वाद अन्य कुनै भोज वा पार्टी प्यालेस र ब्याङ्क्वेटमा पाक्ने परिकारले दिन सक्दैनन् । भोलिपल्ट सिँगारिएर ऊभन्दा ऊ राम्री बनेर शिवालय जानु उमामहेश्वरको दर्शन गर्नु, आफ्नो स्वास्थ्य अनुसार व्रत बस्नु, साँझ पूजा आरती सकेर आफ्नो अवस्था अनुसार काडा-फलफूल आदि भोजन गर्नु, भोलिपल्ट झिसमिसेमै उठेर आँगनमा गोबरको कुण्ड बनाएर अर्घ दिनु र व्रत पूरा गर्नु पारिवारिक माहोलमा गरिने क्रियाकलाप हुन् ।

तिजका बेला चेलीले गाउने गीत नेपाली लोकसाहित्यको महत्वपूर्ण पक्ष हो । आफूले घरव्यवहार र समाजमा देखे भोगेका कुरा गीतमार्फत प्रकट गर्नु संस्कृतिको विशिष्ट पक्ष हो । गीतमा आउने प्रसङ्ग समय समाज अनुसार हुने नै भइहाल्यो तर परिवर्तनको नाममा उच्छृङ्खल, अश्लील र असभ्य शब्दको प्रयोग तथा भड्किलो नाच संस्कृति र परम्पराविरुद्ध छन् । तिजमा निरन्तर प्रवेश गरिरहेका विकृति-विसङ्गतिलाई हटाएर यसमा रहेका मौलिक पक्षको जगेर्ना गर्नु हामी सबैको कर्तव्य हो ।

यस पर्वको तिज पर्व त्यति जमेर आएको छैन । भदौ १० रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले पुर्‍याएको जनधनको क्षतिले समस्त नेपालीको मन रोएको छ । कति त अझै पीडामा छटपटाइरहेका छन् तर पनि यो सांस्कृतिक पर्व भएकाले अनुकूल हुने हिन्दु नारीले आज तिजको व्रत बसेर पूजाआराधाना गरेर यो पर्व मनाउँछन् । तिज व्रतको मूल आधारतर्फ जाऔँ । यसमा भगवान् शिव र पार्वतीको प्रसङ्ग जोडिएको छ । पौराणिक प्रसङ्ग अनुसार पूर्वजन्ममा सतीदेवी रहेकी सानै उमेरदेखि पार्वती महादेव पति पाऊँ भनी कामना गर्छिन् । त्यसका लागि विभिन्न तीर्थ, व्रत र जप गर्छिन् । कुनै तरिकाले पनि परिणाम हात नलागेपछि उनी भाद्र शुक्ल तृतीयाको दिन पानीसमेत नपिई उपवास बस्छिन् । देवादिदेव महादेवको पूजाआराधना गर्छिन् । पार्वतीले यो व्रत गरेको कतै भगवान् विष्णुको सल्लाहमा भनिएको छ त कतै साथीले घरबाट टाढा नदी किनारमा पुर्‍याएर व्रत बस्न लगाएको बताइएको छ । उनको कठोर व्रतबाट महादेव प्रसन्न भई आफूलाई पति पाउने वर दिन्छन् ।

व्रत, उपवासलगायत धार्मिक कर्म व्यक्तिका निजात्मक विषय हुन् । भावनात्मक विषय हुन् । यसमा कसैले पनि दबाब दिने कुरा हुँदैन । धर्मग्रन्थलाई आधार मनाएर जस्तो अभ्यास गरिँदै आएको छ, त्यसरी नै गरिने कर्म हुन् । कसैले केही वस्तु प्राप्तिको कामना राखेको होला । कुन कामना लिएर व्रत गरिरहेको छ वा व्रतविधि कसरी अपनाइरहेको छ भनेर व्रतालुको निगरानी गर्ने कसले ?


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।


प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३,धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# माइतीको आँगनदेखि सामाजिक सञ्जालनसम्मः बदलिँदो तीज

जनक श्रेष्ठ

तीज भन्नेबित्तिकै धेरैका आँखामा रातो सारी, हरियो चुरा, पोते, नाचगान र दरको सम्झना आउँछ तर तीज केवल एउटा चाडको नाम होइन, नेपाली महिलाको जीवन, सम्बन्ध, संस्कार र समयसँगै बदलिँदै गएको सामाजिक अवस्थाको कथा पनि हो । एक समय थियो, तीज विवाहित चेलीका लागि माइती पुग्ने दुर्लभ अवसर थियो ।

वर्षभरि कर्मघरको काममा व्यस्त हुने बुहारीका लागि माइतीको आँगनमा पुगेर दिदीबहिनी भेट्नु, सुखदुःख साट्नु र मनका कुरा गीतमार्फत पोख्नु नै तीजको ठूलो खुसी थियो । अहिले भने तीजको स्वरूप फेरिएको छ। यातायात र सञ्चारको सुविधा बढेको छ । माइती पुग्न कसैको बाटो कुरिरहनु पर्दैन । तीज आउनुअघि नै दर खाने कार्यक्रम सुरु हुन्छ । साथी तथा दिदीबहिनी रेस्टुरेन्ट र समारोहमा भेटिन्छन् । तीजका तस्बिर र भिडियो सामाजिक सञ्जालमा छरिन्छन् ।

दोर्दी गाउँपालिका-३ की ७० वर्षीया यशोदा घिमिरेका लागि तीजको सम्झना अझै माइतीसँग जोडिएको छ । उहाँका अनुसार पहिले तीज विवाहित चेलीका लागि माइती भेट्ने प्रमुख अवसर थियो। विवाहपछि टाढाटाढा पुग्ने र वर्षभरिमा माइती आउजाउ गर्न सहज नहुने भएकाले तीजमा माइती जान पाउनु ठूलो अवसर मानिन्थ्यो । त्यतिबेला सवारीसाधनको सुविधा थिएन । टाढा माइती जान घण्टौँ हिँड्नुपर्थ्यो ।

तीज आउन केही दिनअघि नै बाबु, दाजु वा भाइ चेलीलाई लिन कर्मघर पुग्ने चलन थियो । कतिपय चेली आफैँ पनि माइती जाने गर्थे। "त्यतिबेला अहिले जस्तो सवारीसाधन र सञ्चारका माध्यम थिएनन् । टाढा भएका माइतीसम्म पुग्न घण्टौँ हिँड्नुपर्थ्यो । त्यसैले तीजमा माइती भेट्नु नै ठूलो कुरा हुन्थ्यो," उहाँले भन्नुभयो । माइती पुगेपछि दिदीबहिनी तथा चेलीबेटी एकै ठाउँमा जम्मा हुन्थे । नाचगान हुन्थ्यो, सुखदुःखका कुरा हुन्थे । घरपरिवारमा भोगेका पीडा, गुनासा र मनका कुरा तीजका गीतमार्फत सुनाउने गरिन्थ्यो । त्यसबेला फोन वा सामाजिक सञ्जाल थिएनन् । टाढा भएका आफन्तसँग प्रत्यक्ष भेटेरै कुरा गर्नुपर्थ्यो । त्यसैले तीज महिलाका लागि मनको भारी बिसाउने अवसर पनि थियो ।

छोरी-चेली आउने भएपछि माइती पक्ष पनि बाटो हेरेर बस्थ्यो । घरमा चेलीका लागि दरको जोहो गरिन्थ्यो । उपलब्ध खाद्य सामग्री जुटाएर विशेष खाना बनाइन्थ्यो । सबैजना भेला भएर खाने, नाच्ने र रमाइलो गर्ने गरिन्थ्यो तर तीज आए पनि सबै बुहारी माइती जान पाउँदैनथे । घरको कामलाई प्राथमिकता दिइने भएकाले कतिपयलाई सासू-ससुराले माइती जान अनुमति नदिने अवस्था थियो । बुहारीले घरधन्दा र अन्य काममा बढी समय दिनुपर्ने भएकाले माइतीसँग भेटघाट गर्ने अवसर सीमित हुन्थ्यो । "तीज आए पनि सबै बुहारी माइती जान पाउँदैनथे । घरको काम गर्नुपर्छ भनेर कतिपयलाई जान दिइँदैनथ्यो । त्यतिबेला काम नै ठूलो कुरा मानिन्थ्यो," उहाँले भन्नुभयो ।

बेँसीसहर नगरपालिका-२ भकुण्डेकी ४४ वर्षीया पार्वती क्षेत्रीले भने आफ्नो पुस्तासम्म आइपुग्दा तीज मनाउने तरिकामा विस्तारै परिवर्तन आएको अनुभव गर्नुभएको छ । अघिल्लो पुस्ताको तुलनामा महिलामा चेतना बढ्दै गएपछि चेलीलाई माइती जान दिने र महिलाले पनि चाडपर्व मनाउन पाउनुपर्ने सोच विकास हुँदै गएको उहाँ बताउनुहुन्छ । "पहिलेभन्दा विस्तारै चेतना बढ्दै गयो । माइती जानुपर्छ, चाडपर्व मनाउन पाउनुपर्छ भन्ने कुरा पनि बुझ्न थालियो । त्यसपछि माइती जाने र भेटघाट गर्ने अवस्था अलि सहज हुँदै आयो," उहाँले भन्नुभयो ।

सडक र सवारीसाधनको पहुँच बढेपछि माइती आउजाउ अझ सहज भयो । पहिले बाबु, दाजु वा भाइ चेलीलाई लिन आउनुपर्ने अवस्था भए पनि पछि त्यो चलन क्रमशः कम भयो । फोनको सुविधा आएपछि माइतीबाट फोन गरेर बोलाउने र चेली आफैँ जाने क्रम बढ्यो । तीजको अघिल्लो दिन दर खाने र भोलिपल्ट व्रत बस्ने परम्परा भने कायम रह्यो । विवाहित महिलाले श्रीमानको दीर्घायु तथा परिवारको सुख-समृद्धिको कामना गर्दै व्रत बस्ने, दिनभरि साथीसङ्गीसँग भेटघाट गर्ने र नाचगान गरेर तीज मनाउने गरेको उहाँ बताउनुहुन्छ । "तीजको अघिल्लो दिन दर खाने र भोलिपल्ट व्रत बस्ने चलन थियो । श्रीमान्को आयु लामो होस्, सबै राम्रो होस् भनेर व्रत बसिन्थ्यो । दिनभरि साथीसङ्गीसँग भेटेर नाचगान गर्दै सुखदुःख साटेर तीज मनाउँथ्यौँ," उहाँले भन्नुभयो ।

बेँसीसहरकी २५ वर्षीया स्वेच्छा श्रेष्ठले भने आफूले देख्दै र भोग्दै आएको तीज अघिल्लो पुस्ताको भन्दा निकै फरक रहेको बताउनुहुन्छ । उहाँका लागि तीज महिलाको पर्व हो । तीजमा दर खाने, व्रत बस्ने र श्रीमान्को दीर्घायुको कामना गर्ने परम्पराबारे उहाँ जानकार हुनुहुन्छ । "तीज भनेको महिलाहरूको पर्व हो भन्ने बुझेकी छु । तीजमा व्रत बस्ने, अघिल्लो दिन दर खाने र श्रीमान्को आयु लामो होस् भनेर कामना गर्ने चलन हो भन्ने बुझेकी छु," उहाँले भन्नुभयो ।

उहाँका अनुसार अहिले तीज आउनुभन्दा महिनौँअघि देखि नै दर खाने कार्यक्रम सुरु हुन्छन् । साथी तथा महिलाहरू समूह बनाएर पार्टी, समारोह र रेस्टुरेन्टमा जाने, दर खाने र रमाइलो गर्ने चलन बढेको छ । परम्परागत खानासँगै मासु, चिउरा तथा विभिन्न पेयपदार्थसहितका कार्यक्रम पनि हुन थालेका छन् । पहिरन र गरगहनामा प्रदर्शनको प्रवृत्ति बढेको उहाँको अनुभव छ । कसले राम्रो पहिरन लगाउने र कसले बढी आकर्षक देखिने भन्ने प्रतिस्पर्धा देखिन थालेको उहाँ बताउनुहुन्छ ।

तीज मनाएका तस्बिर, भिडियो तथा कार्यक्रमका गतिविधि सामाजिक सञ्जालमा पोस्ट गर्ने चलन पनि अहिले बढ्दै गएको छ । यसले तीजलाई घर, माइती र समुदायको सीमाबाट निकालेर सामाजिक सञ्जालको सार्वजनिक संसारमा पुर्‍याएको छ । तीजका गीतको स्वरूपमा आएको परिवर्तनप्रति भने उहाँको चिन्ता छ । पहिले धार्मिक भावना, मौलिक संस्कार-संस्कृति तथा महिलाका सुखदुःख समेटिएका गीत गाइन्थे । अहिले तीजका नाममा मनोरञ्जन र नाचगानलाई बढी प्राथमिकता दिने गीत आउने गरेको उहाँको बुझाइ छ ।

नेपाली मौलिक गीतसँगै विदेशी गीतमा पनि नाचगान गर्ने चलन बढेको उहाँ बताउनुहुन्छ । "अहिले तीजको नाममा रमाइलो र नाचगानलाई बढी प्राथमिकता दिइएको जस्तो लाग्छ । मौलिक तीजका गीत र परम्परा जोगाउन सबैले सचेत भएर लाग्नुपर्छ," उहाँले भन्नुभयो । उहाँ सम्भव भएसम्म गाउँघरमै, नभए आफ्नै घरमा साथीहरूसँग भेला भएर तीज मनाउने पक्षमा हुनुहुन्छ । तीजलाई केवल रमाइलो र प्रदर्शनको पर्वभन्दा पनि सुखदुःख साट्ने तथा मौलिक परम्परा र संस्कृतिसँग जोडेर मनाउनुपर्ने उहाँको धारणा छ । तीन पुस्ताका यी अनुभवले तीजको बदलिँदो तस्वीर देखाउँछन् । हिजो तीज माइती पुग्ने र मनका पीडा पोख्ने अवसर थियो । त्यसपछि सडक, सवारीसाधन र फोनसँगै माइती आउजाउ सहज भयो । अहिले तीज रेस्टुरेन्ट, समारोह र सामाजिक सञ्जालसम्म विस्तार भएको छ ।

माध्यम फेरिए पनि तीजको केन्द्रमा रहेको चेली र माइतीको सम्बन्ध, सुखदुःख साट्ने चाहना र आफ्नो संस्कृतिप्रतिको अपनत्व भने हराउनु हुँदैन । तीजलाई समय अनुकूल बनाउँदै लैजाँदा त्यसको मौलिकता जोगाउने चुनौती पनि सँगसँगै आएको छ । माइतीको आँगनबाट सुरु भएको तीजको यात्रा आज सामाजिक सञ्जालसम्म आइपुगेको छ । अबको प्रश्न यही हो-परिवर्तनसँगै अघि बढ्दा तीजको मौलिक आत्मालाई कसरी जोगाउने ?

# हरेक सेकेन्ड बाँच्नका लागि गरिएका संघर्षः प्राविधिक साह



सप्तरी । प्राविधिक सञ्जय साहको गाउँमा खुसियाली आएको छ ।

भोटेकोशी नदीमा आएको बाढीपछि सम्पर्कमा आएका साह गाउँ पुगेपछि स्थानीय खुसी भएका हुन् । त्रिशूली- ३ 'ए' आयोजनाको सुरुङबाट १०औँ दिनमा उद्धार गरिएका सप्तरी तिलाठी कोइलाडी का ३० वर्षीय सञ्जय साह आठ दिनको अस्पताल बसाइपछि शुक्रबार साँझ गाउँ पुगेका थिए ।

बाढीमा परेर नौ दिनसम्म सम्पर्कविहीन रहेको साहलाई १०औँ दिन त्रिशूली ३'ए' सुरुङबाट नेपाली सेनाले उद्धार गरेको थियो । एक हप्तासम्म अस्पतालमा उपचार गराएर आइतबार सप्तरी तिलाठी कोइलाडी गाउँपालिकास्थित घर फर्किएपछि साहलाई परिवारसहित गाउँलेले स्वागत गरेका छन् ।

साहलाई परिवारका सदस्य र आफन्तले केक काटेर र मिठाई बाँडेर स्वागत गर्दै खुसी साटासाट गर्नुभएको हो । बाढीको कारण सम्पर्कविहीन भएका दिन बित्दै थियो। छोराको भेटिने आश मर्दै गएको बेला छोराको उद्धार भएको सामाजिक सञ्जालमा देखेपछि भगवान्को चमत्कार भएको महसुस भएको सञ्जयका बुबा रामफल साहले बताउनुभयो ।

सञ्जयकी पत्नी लक्ष्मी साह भन्नुहुन्छ, "मेरो श्रीमान् भेटिनु हुन्छ भन्ने आश मारिसकेको बेला मेरो सिन्दूर, छोरीको बाबालाई भगवान्ले दोस्रो जन्म दिएर पठाउनु भएकामा भगवान्, सुरक्षाकर्मी तथा सबैलाई धन्यवाद व्यक्त गर्नुभएको छ ।

साहले भन्नुभयो, "बाढी आउने जानकारी आउनासाथ हामी सावधान भयौँ तर हामीसँग समय कम थियो । बाढी आउनै लागेको जानकारी पाएका थियौँ । साथीहरूलाई निस्किन भन्दाभन्दै र आफू बाहिर निस्किने प्रयास गर्दागर्दै पानीले दिएन । एकै ठूलो छालले छोप्यो साथीहरू कहाँ कहाँ कसरी पुग्नुभयो ? थाहा भएन ।" म फसेको अँध्यारो डरलाग्दो सुरुङभित्र दिन हो कि रात पत्तै हुँदैनथ्यो । दुई तीन दिन भेन्टिलेसनमा बसेर बिताए ।

एक गेडा खानेकुरा थिएन । माटो मोबिल मिसिएको धमिलो पानी कपडामा छानेर सुकिरहेको घाँटी रसाउनुको विकल्प थिएन तर नडराई महामन्त्र जप गरे । अनि हिम्मत बढ्यो । पुनर्जीवन पाएकामा खुसी लागे पनि साथीहरू अहिलेसम्म सम्पर्कमा नआएपछि दुःख लागेको छ ।" साहले सुरुङमा बिताएको १० दिन मानवले गर्न नसक्ने सङ्घर्ष थियो । प्रत्येक क्षण बाँच्नका लागि सङ्घर्ष भए पनि परिणाम भने मृत्यु देखिन्थ्यो । चारैतिर अँध्यारै अँध्यारो भएपछि रात र दिन छुट्याउन कठिन थियो । बाढीले सुरुङको स्वरूप नै परिवर्तन भएपछि बाटो पहिचान गर्ने अवस्था नभएपछि मरेतुल्य भएको महसुस हुन्थ्यो । उहाँले भन्नुभयो, "उद्धारकर्मीले चलाएको मेसिनको आवाज सुनेपछि बाँच्ने आशा जागेको बताउनुभयो । उहाँले सुरुङभित्र हरेक सेकेन्ड बाँच्नका लागि गरिएको असम्भव सङ्घर्ष थियो ।"

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

## तीजः प्रथम महिलाद्धारा पशुपतिनाथमा पूजा, आराधना एवं दर्शन

काठमाडौँ । प्रथम महिला सविता पौडेलले नेपाली नारीहरूको विशेष पर्व हरितालिका (तीज) को अवसरमा पशुपतिनाथ मन्दिरमा पूजा अर्चना एवं दर्शन गर्नुभएको छ ।

पशुपतिनाथ मन्दिरमा उहाँले आराध्यदेव भगवान् श्री पशुपतिनाथको विधिपूर्वक पूजा अर्चना एवं दर्शन गरी नाथका मूल अर्चक गणेश भट्टबाट टीका एवं फूलप्रसाद ग्रहण गर्नुभएको थियो । पूजा, आराधना एवं दर्शनका लागि प्रथम महिला पौडेल पशुपति क्षेत्र पुग्नुहुँदा उहाँलाई पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव तीर्थ श्रेष्ठ, कोषाध्यक्ष मीनाकुमारी श्रेष्ठ लगायत कोष सञ्चालक परिषद्का सदस्यहरू कोषको कर्मचारीले स्वागत गर्नुभएको थियो ।

तीज पर्वका अवसरमा सोमबार बिहान ३ बजेदेखि नै पशुपति क्षेत्रमा व्रतालु महिलाको लाम लागेको छ । बिहान १० बजेसम्म व्रतालुको लाम कम थियो भने १० बजेपछि लाम बढेको हो । अपराह्नपछि भक्तजन अझै बढेका छन् ।

## शिक्षामन्त्रीद्धारा गजेन्द्रनारायण सिंह अस्पतालको स्थलगत अवलोकन

काठमाडौँ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको स्थलगत निरीक्षण गर्नुभएको छ ।

सप्तरीकी बविताकुमारी पासवानले अस्पतालको गेटमै प्रसूति गर्नुपरेको हालैको घटनाबारे जानकारी लिन मन्त्री पोखरेल अस्पताल पुग्नुभएको हो । उहाँले उपचाररत पासवानसँग भेट गरी आमा र नवजात शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको छ ।

अस्पताल प्रशासनका अनुसार आमा र बच्चा दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको छ । पासवानको बेड नम्बर २२ मा उपचार तथा स्याहार भइरहेको छ । मन्त्री पोखरेलले अस्पतालको सेवा प्रवाह, पूर्वाधार तथा जनशक्तिको अवस्थाबारे जानकारी लिनुभएको थियो ।

अस्पतालको सेवा विस्तार तथा सुदृढीकरणका लागि आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य सेवाको व्यवस्थापनका विषयमा पहल गर्ने बताउनुभएको छ ।

## बाढीपीडितसँग अस्पतालको आइसीयुमा अन्तर्वार्ता लिएको विषयमा ध्यानाकर्षण

काठमाडौँ । रसुवाको भोटेकोशीमा आएको बाढीपछि उद्धार गरी अस्पतालको सघन उपचार कक्ष ( आइसीयु) मा उपचाररत व्यक्तिसँग अन्तर्वार्ता लिई युट्युब च्यानल मार्फत सम्प्रेषण गरिएको सामग्री प्रति प्रेस काउन्सिल नेपालले ध्यानाकर्षण भएको जनाएको छ ।

काउन्सिलले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै रसुवामा आएको बाढीका क्रममा त्रिशूली ३ 'ए' जलविद्युत् आयोजनाबाट १० दिनपछि उद्धार गरिएका एक व्यक्तिसँग अस्पतालको आइसीयुमा उपचाररत अवस्थामा अन्तर्वार्ता लिई 'इनसाइड द बंकर' नामक युट्युब च्यानलमार्फत सामग्री प्रसारण गरिएको विषय आफ्नो जानकारीमा आएको जनाएको हो ।

यसअघि सगरमाथा क्षेत्रमा सम्पर्कविहीन भएको सातौं दिनमा फेला परेका एक पथप्रदर्शक अस्पतालमा उपचाररत रहेको अवस्थामा आइसीयुबाट अन्तर्वार्ता लिई बीबीसी नेपालीले प्रसारण गरेको भिडियो सामग्रीको विषयमा समेत काउन्सिलको ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ ।

प्रेस काउन्सिलले यस्ता सामग्रीको पत्रकार आचारसंहिताको परिधिभित्र रहेर थप अध्ययन तथा अनुगमन भइरहेको जनाएको छ ।

यस विषयमा आवश्यक अध्ययनका लागि सम्बन्धित सञ्चारकर्मी, अस्पताल तथा नेपाल मेडिकल काउन्सिलसँग पत्राचार गरिएको काउन्सिलले विज्ञप्ति मार्फत जनाएको छ ।

## बाढीका ३४१ बिरामीमध्ये २७८ घर फर्किए

काठमाडौँ । रसुवामा आएको आकस्मिक बाढीबाट प्रभावित भई विभिन्न १९ वटा स्वास्थ्य संस्थामा भर्ना भएका ३४१ बिरामीमध्ये २७८ जना उपचारपछि निको भई घर फर्किएका छन् ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय अन्तर्गत स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइले सोमबार जारी गरेको प्रतिवेदनअनुसार घाइते तथा बिरामी परेकामध्ये हाल २७ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ भने उपचार का क्रममा चार जनाको मृत्यु भएको छ ।

त्यसैगरी बाढी प्रभावित क्षेत्रमा महामारी फैलन नदिन स्वास्थ्य मन्त्रालयले हैजा विरुद्धको खोप अभियानलाई तीव्रता दिएको छ । नुवाकोटमा लक्षित जनसङ्ख्या ७१ हजार ६३५ मध्ये २८ हजार ९९ जना अर्थात् ३९.२२ प्रतिशतले खोप लगाएका छन् । रसुवामा लक्षित ३१ हजार ४७४ मध्ये नौ हजार ७३१ जना अर्थात् ३०.९१ प्रतिशतले खोप पाइसकेका छन् । पछिल्लो २४ घण्टामा एक जनामा कडा झाडा पखाला पुष्टि भएको छ । चार जिल्लाका ३६ वटा होल्डिङ सेन्टर मा अहिले दुई हजार ८९५ जना आश्रित रहेका छन् । नुवाकोटका २३ सेन्टरमा एक हजार ७०१, काठमाडौंका ३ सेन्टरमा ५८५, धादिङका चार सेन्टरमा ३९० र रसुवामा छ सेन्टर मा २१९ जना बाढीपीडितले आश्रय लिइरहेका छन् । हाल बाढी प्रभावितका लागि ३४ वटा टोलीमा १४९ स्वास्थ्यकर्मी खटिएका छन् ।

## राजेनको अन्तिम संस्कार

भद्रपुर (झापा) । राजेन आचार्यको कुशको प्रतिकात्मक शव बनाइ दाह संस्कार गरिएको छ । भदौ १० गतेको भोटेकोशी बाढीपछि उहाँ परिवारको सम्पर्कमा नआएपछि परिवारले अन्ततः १९ दिनपछि कुशको शव बनाएर आइतबार अन्तिम संस्कार गरेको हो ।

"की सास, की लास आउला भन्ने आशामा यत्रो दिनसम्म कुरेर बस्यौँ । कतै जीउँदै पो छ की भन्ने आशा थियो । तर, केही पत्ता लागेन", भोटेकोशी बाढीमा बेपत्ता भएको १९ दिनपछि राजेनका माइला दाजु दीपक आचार्यले भारी मनले भन्नुभयो । आफ्नै आँखाले अन्तिमपटक अनुहारसमेत हेर्न नपाएका परिवारले कुशलाई छोरा सम्झेर अन्तिम संस्कार गर्नुपरेको उहाँले बताउनु भयो ।

भदौ १० गते बिहान रसुवामा आएको बाढीपछि बिर्तामोड नगरपालिका-३ बिर्ताबजारका ५२ वर्षीय राजेन सम्पर्कविहीन हुनुभएको थियो । खोजीका क्रममा उहाँको सास वा लास केही फेला नपरेपछि परिवारले परम्पराअनुसार कुशको प्रतीकात्मक शव बनाएर अन्तिम संस्कार गरेको हो । ७९ वर्षीय पिता शान्तिराम आचार्य र ७५ वर्षीया आमा रोहिणीदेवी आचार्यका पाँच सन्तानमध्ये राजेन कान्छा छोरा हुनुहुन्थ्यो । उहाँका दुई दाजु र दुई दिदी छन् । श्रीमती तारा खतिवडा आचार्य र २३ वर्षीया छोरी प्रज्ञा हुनुहुन्छ । प्रज्ञा स्नातक चौथो वर्षमा अध्ययनरत हुनुहुन्छ ।

भारी मन लिएर ७९ वर्षीय पिता शान्तिराम आइतबार छोराको प्रतीकात्मक शव बोकेर कन्काइ माइ नदीको घाटसम्म पुग्नुभयो । वृद्ध आमा रोहिणीदेवी भने अन्तिम संस्कारमा सहभागी हुन सक्नुभएन । सन्तानको अवस्थाबारे बेखबर हुँदा आमाबाबुको मनमा कति पीडा हुन्छ होला, कति आँसु झर्छ होला । परिवारको सहारा बनेका आफ्ना सन्तान अचानक सम्पर्कविहीन हुँदा उनीहरू फर्किने आशामा दिन काट्नुको पीडा शब्दमा व्यक्त गर्न कठिन हुन्छ ।

राजेनको परिवारले १९ दिनसम्म यही पीडा र प्रतीक्षाबीच उहाँ फर्किने आशा पालेर बसेको थियो । "बुबाले मन दह्रो बनाएर अन्तिम संस्कारमा जानुभयो ।

आमालाई त त्यहाँसम्म लैजान पनि सक्ने अवस्था थिएन । सबैको मनमा राजेन जीउँदै फर्किन्छ की भन्ने आशा थियो ।

लाससमेत नदेखेपछि यो विधि पूरा गर्नुपर्ने अवस्था आयो", दीपकले भन्नुभयो । राजेन तीन महिनाअघि मात्र स्याफ्रुबेँसी-लाङटाङ हाइड्रोपावर २० मेगावाट को कार्यालयमा कर्मचारीका रूपमा कार्यरत हुनुभएको थियो । परिवारका अनुसार, घटना हुनुभन्दा करिब एक साता अघि उहाँ झापा आउनुभएको थियो । झापाबाट आफ्नो कार्यक्षेत्र फर्किएको पाँच दिनमै रसुवागढी क्षेत्रमा भोटेकोशी नदीमा आएको भीषण बाढीमा उहाँ बेपत्ता हुनुभएको हो ।

बाढीपछि परिवारले उहाँ सुरुङभित्र वा अन्य कुनै स्थानमा फसेर जीवितै रहेको हुनसक्ने आशा गरेको थियो । राज्यका विभिन्न संयन्त्रबाट खोजी कार्य जारी रहे पनि १९ दिनसम्म कुनै सकारात्मक परिणाम नआएपछि परिवारले अन्तिम संस्कारको निर्णय गरेको हो ।

राजेनको अन्तिम संस्कार गरिए पनि परिवारको मनबाट उहाँ जीउँदै फर्किने आशा भने पूर्णरूपमा हटिसकेको छैन । श्रीमती तारा, छोरी प्रज्ञा र वृद्ध पिता शान्तिरामले परम्पराअनुसार १३ दिनसम्म मृत्यु कर्म गर्ने भएका छन् । "अन्तिम संस्कार गरिसकेपछि पनि मनले मानिरहेको छैन । कतैबाट राजेन जीउँदै फर्किएर आउलान् कि भन्ने आशा अझै छ", दीपकले भन्नुभयो, "आफ्नो मान्छेको अनुहारसमेत हेर्न नपाई कुशलाई छोरा सम्झेर अन्तिम संस्कार गर्नुपर्दाको पीडा शब्दमा भन्न सकिँदैन ।"

प्रहरीका अनुसार, अहिले भोटेकोशी बाढीमा विभिन्न जलविद्युत् आयोजना तथा निर्माण कम्पनीमा कार्यरत झापाका विभिन्न स्थानका १५ जना सम्पर्कविहीन छन् ।

दमक नगरपालिका-१० का देवलाल मुर्मु सतार परिवारको सम्पर्कमा आइसकेका छन् भने अन्यको अवस्था अझै अज्ञात रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक मुन्नाकुमार अधिकारीले बताउनुभयो । सम्पर्क विहीन मध्ये बुद्धशान्ति गाउँपालिका-२ का एकै परिवारका राजकुमार दियाली, उहाँकी श्रीमती श्रुति दियाली र चार वर्षीय छोरा श्रीराज दियाली समेत छन् । प्रहरीका अनुसार बेपत्ता हुनेमा केही अपर त्रिशूली जलविद्युत् आयोजना तथा केही अन्य जलविद्युत् आयोजना र निर्माण कम्पनीमा कार्यरत थिए ।

बाढीपछि सम्पर्कविहीन भएका उनीहरूको खोजी जारी रहँदा परिवारका सदस्य आफ्ना प्रियजन जीवितै फेला पर्ने आशामा बाटो हेरिरहेका छन् । बाढीले आफन्तको बेखबर बनाएका यी परिवारका लागि हरेक दिन प्रतीक्षाकै दिन बनेको छ ।

## तीजको रौनकता बाढीपीडितको पीडामा

कैलाली । यस वर्षको तीजमा दिदीबहिनीहरु रौनकतामा होइन, मानिसका पीडामा मलम लाउन जुटेका छन् ।

तीज भन्ना साथ चेलीबेटी माइती जाने, दर खाने, नयाँ लुगा लगाउने, जम्मा भएर नाचगान गर्ने र सुखदुःख साटेर रमाइलो गर्ने पर्वका रूपमा बुझिन्छ । लुगा, चुरा तथा गरगहना किनमेल गर्नेको चहलपहल र विभिन्न स्थानमा नाचगान गर्ने महिलाको भीडले पर्वको रौनक बढाउँछ ।

स्थानीय तह, महिला समूह, आमा समूह, सहकारी तथा विभिन्न सङ्घसंस्थाले दर खाने कार्यक्रमसँगै तीज गीत प्रतियोगिता आयोजना गर्छन् । नयाँ लुगा र गरगहना लगाउनेदेखि माइती जाने र दिदीबहिनी भेट्ने तयारीले पर्वको उत्साह बढाउँछ । तर यस वर्षको तीज विगतजस्तो छैन । चेलीबेटी भेला भएका छन्, भारीमनले । कतैकतै मात्र तीजका गीत गुन्जिएका छन् ।

तर ती गीत र भाकामा विगतको जस्तो खुसीभन्दा रसुवाको बाढीले दिएको पीडा र बेपत्ता आफन्तको प्रतीक्षा बढी सुनिन थालेको छ । रसुवामा आएको विनाशकारी बाढीका कारण देश नै शोकमा रहेका बेला कैलालीका नागरिकसमेत बेपत्ता छन् । त्यसैले यहाँका धेरै परिवारका लागि तीज संवेदनाको पर्वमा रुपान्तरण बनेको छ । आफन्तको खबरको प्रतीक्षामा रहेका परिवार मात्रै होइन, जिल्लाका अन्य नागरिकमा समेत घटनाप्रति चिन्ता र पीडा छ । यही अवस्थाका कारण यस वर्ष तीजका धेरै जसो कार्यक्रम स्थगित भएका छन् ।

फेरिदियो तीजको माहोल

रसुवाको बाढीपछि कैलाली जिल्लाका नागरिक बेपत्ता भएको खबरले जिल्लाका धेरै परिवारलाई चिन्तामा पारेको छ । रोजगारी, व्यवसाय वा अन्य कामका सिलसिला मा घरबाट टाढा रहेका आफन्त विपद्पछि सम्पर्कविहीन भएपछि उनीहरूका परिवारका लागि तीजभन्दा आफ्ना मान्छेको अवस्था थाहा पाउनु ठूलो कुरा बनेको छ ।

तीज दिदीबहिनी भेट्ने, माइती जाने र सुखदुःख साट्ने अवसर हो । वर्षभरि घरबाट टाढा रहेका आफन्त चाडपर्वमा फर्किने आशा परिवारमा हुन्छ । केही परिवार आफन्त सकुशल फर्किने प्रतीक्षामा छन् । उहाँहरुका लागि तीजको तयारीभन्दा आफन्तको खबर महत्त्वपूर्ण छ । घोडाघोडी नगरपालिकाका उपप्रमुख गुलिया चौधरीले धेरै जना बेपत्ता भएकाले यसवर्ष नगरपालिकाले तीजका कार्यक्रम आयोजना नगर्ने निर्णय भएको बताउनुहुन्छ । "रसुवाको बाढीमा कैलालीका धेरै जना सम्पर्क बाहिर हुनुहुन्छ ।

धेरै परिवार आफन्तको खबरको प्रतीक्षामा हुनुहुन्छ", उहाँले भन्नुभयो, "यस्तो अवस्थामा तीज रमाइलासँग गर्न उचित लागेको छैन ।" "तीज मनाउँनै हुँदैन भन्ने होइन", उहाँले भन्नुभयो, "तर अहिले देशका विभिन्न ठाउँमा विपद्को पीडा छ । कैलालीकै नागरिकसमेत बेपत्ता छन् । यस्तो बेला हामीले आफ्नो खुसीसँगै पीडित परिवारलाई पनि सम्झनुपर्छ ।" कैलालीको जोशीपुर गाउँपालिका मा यस वर्ष तीज कार्यक्रम आयोजना गरिएको छैन । गाउँ पालिका उपाध्यक्ष रेखादेवी कठरियाका अनुसार अघिल्ला वर्षमा गाउँपालिकाका विभिन्न वडामा तीज विशेष कार्यक्रम आयोजना गरिँदै आए पनि यस वर्ष रसुवामा आएको बाढीका कारण कार्यक्रम आयोजना गरिएको छैन । उहाँले विपद्को पीडामा रहेका परिवारप्रति संवेदनशील हुँदै यस वर्ष तीजका कार्यक्रम नगर्ने निर्णय गरिएको बताउनुभयो । घोडाघोडी र जोशीपुर गाउँपालिकासँगै अन्य पालिकामा पनि यस वर्ष तीजको रौनक छैन । नगरपालिकाले कार्यक्रम नगर्ने निर्णय गरेका बेला विभिन्न समूहले कार्यक्रम स्थगित गरेका छन् । घोडाघोडी महिला सञ्जालले आफ्नो पूर्वनिर्धारित कार्यक्रम स्थगित गर्‍यो । रसुवामा बाढी आएपछि कार्यक्रम स्थगित गरिएको सञ्जालकी कोषाध्यक्ष दुर्गा सापकोटाले बताउनुभयो । उहाँका अनुसार पर्वका अवसरमा हुने खर्चलाई मनोरञ्जनमा मात्र केन्द्रित गर्नुभन्दा विपद्मा परेकालाई सहयोग गर्नु आवश्यक ठानेर कार्यक्रम रोकिएको हो । सञ्जालमा आबद्ध महिला समूहका सदस्यहरूले दर खाने कार्यक्रम नगरी व्यक्तिगत रूपमा बाढीपीडितलाई सहयोग गरेका छन् । "तीजमा दर खाने र कार्यक्रम गर्ने योजना थियो । तर रसुवामा बाढी आएपछि त्यस्तो अवस्थामा रमाइलो गर्नुभन्दा पीडितलाई सहयोग गर्नु उचित लाग्यो", सापकोटाले भन्नुभयो ।

तीजका लागि गरिने खर्च र तयारीलाई यस पटक सहयोगमा बदल्ने सोच व्यक्तिगत तहमा पनि देखिएको छ । घोडाघोडीकी सुष्मा विष्टले तीज मनाउनुभन्दा बाढीपीडितलाई सहयोग गर्नु उचित ठानेको बताउनुभयो । "यस पटक तीज मनाउनभन्दा बाढीपीडितलाई सहयोग गरौं भन्ने लाग्यो । आफन्त बेपत्ता भएको र धेरै परिवार पीडामा रहेका बेला रमाइलो गरेर मात्र बस्न मनले मानेन", विष्टले भन्नुभयो । उहाँका अनुसार तीजका अवसरमा गरिने खर्चको केही हिस्सा भए पनि विपद्मा परेकालाई सहयोग गर्न सके त्यसले पीडामा रहेका परिवारलाई राहत पुग्नेछ ।

व्यक्तिगत खुसीभन्दा सामूहिक पीडालाई प्राथमिकता दिनुपर्ने अवस्था अहिले रहेको उहाँको भनाइ छ ।

रसुवाको पीडा

तीज गीत नेपाली महिला को मनको आवाज हो । परम्परादेखि नै महिलाले आफ्ना दुःख, पीडा, आशा र सामाजिक अवस्थालाई गीतमार्फत अभिव्यक्त गर्दै आएका छन् । समयसँगै तीज गीतका विषय पनि परिवर्तन हुँदै आएका छन् । पहिलेका तीज गीतमा माइतीघरको सम्झना, चेलीका दुःख, घरपरिवार र सामाजिक सम्बन्धका विषय बढी सुनिन्थे । पछिल्लो समय महिला हिंसा, बालविवाह, दाइजो, वैदेशिक रोजगारी, शिक्षा, स्वास्थ्य, महिला अधिकार तथा सामाजिक विकृतिका विषय पनि तीज गीतमा समेटिन थालेका छन् । यस वर्ष भने प्राकृतिक विपद् र बेपत्ता नागरिकको पीडा पनि तीज गीतको विषय बनेको छ । घोडाघोडी नगरपालिका-१० मा आयोजित प्रथम बुलबुले तीज प्रतियोगितामा सहभागी महिला समूहले रसुवा बाढीबाट प्रभावित परिवारको अवस्थालाई गीतमा उतारे । बाढीमा ज्यान गुमाएका, बेपत्ता भएका र आफ्ना आफन्तको प्रतीक्षामा रहेका परिवारको पीडा उनीहरूको प्रस्तुतिमा झल्किएको थियो ।

## हराउँदैः अग्राशन लैजाने चलन

तुलसीपुर । अग्राशन लैजाने चलन हराउँदै गएको छ । अग्राशनलाई 'अट्वारी' वा कोसेली पनि भनिन्छ । थारु समुदायमा देवता र पितृलाई चढाइने खानेकुराको केही भाग वा अंशलाई अग्राशन भनिन्छ । माघी र दसैंपछिको विशेष महत्त्व दिने पर्व हो 'अट्वारी' वा अग्राशन ।

पूजापछि चेलीबेटी तथा दाजुभाइलाई दिइने विशेष परिकार तथा खानेकुराको केही अंशलाई पनि अग्राशन भनिन्छ । दाजुभाइ दिदीबहिनीको रक्षाको कामना गर्दै दिनभर निर्जल, निराहर व्रत बस्ने गर्छन् । व्रत बसेका व्रतालुले फलफूललगायतका पकवान खानुपूर्व आफ्नो खानाबाट आधा भाग झिकेर अलग राख्ने चलन छ ।

छुट्याइएको परिकार विवाहित छोरीचेलीलाई कोसेली (अग्राशन) को रूपमा उपहार दिने गरिन्छ । छिट्वालाई काँधमा बोकेर त्यसरी छोरी चेली, इष्टमित्रलाई खानाका परिकार लिने गरे पनि पछिल्लो समय त्यो चलन हराउँदै गएको छ ।

“विगतमा छोरी, चेलीलाई छिट्वा (बैङ्गा) मा बोकेर लैजाने चलन थियो”, तुलसीपुर १९ निवासी शिवप्रसाद चौधरीले भन्नुभयो । ” अहिले सवारीको सहज पहुँच भएर पनि होला पछिल्लो समय त्यो चलन हराउँदै गयो ।”

अहिले छोरी चेलीलाई दिइने परिकार (अग्राशन) गाडीमा राखेर लिने गरिएको छ । विगतमा जति टाढा भए पनि बोकेर लैजाने चलन थियो । युवा पुस्ताले यो चलनलाई छोड्दै गएको थारु अगुवा हाँसु चौधरीले बताउनुभयो । “पहिले यो पर्व मनाउने गरिएको थियो”, उहाँले भन्नुभयो, “तर, पछिल्लो समय युवाले यो पर्व मनाउने चासो दिएको पाइँदैन ।” भाद्र शुक्ल पक्षको पहिलो आइतबार अर्थात श्रीकृष्ण जन्माष्टमीपछिको दोस्रो आइतबार लाई 'अग्राशन' पर्वको रुपमा मनाउने चलन छ । हरितालिका तीजपछिको शनिबार मध्यरातमा दर (भिन्सर्या) खाएर अट्वारी व्रतको तयारी सुरु हुन्छ । दुई दिनसम्म मानिने अट्वारी पर्वबारे थारू समाजमा विभिन्न मत एवं धार्मिक विश्वास रहँदै आएको छ । द्वापर युगमा पाँच पाण्डवमध्येका माहिला भाइ भीमले थारू समुदायका एक जना छोरीलाई उनीमाथि भइरहेको अत्याचारबाट मुक्त गरेको स्मरणमा आइतबार दिनभरि भीमको नाममा व्रत बस्ने र पूजाआजा गर्ने चलन छ । अर्को थरिका मतअनुसार भीमले थारू राजा दङ्गिशरणलाई युद्धमा सहयोग गरेका कारण उनको पूजाआजा, व्रत बस्ने चलन रहिआएको छ । दङ्गिशरण राजाले शत्रुमाथि विजय प्राप्त गरेकाले सोही दिनदेखि हरेक वर्ष भीमको पूजाआजा गर्ने चलन चलेको थारू समुदायको विश्वास छ ।

## ग्रामीण क्षेत्रमा खानेपानीको पहुँच पुर्याउँदै प्रदेश सरकार

काभ्रेपलाञ्चोक । बागमती प्रदेश सरकारले जिल्लाका ग्रामीण क्षेत्रमा खानेपानीको पहुँच विस्तार गरिरहेको छ । बागमती प्रदेश सरकार, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय सिन्धुपाल्चोकले परियोजना मार्फत गएको एक वर्षमा एक हजारभन्दा बढी धारा जडान गरेको हो ।

कार्यालयले काभ्रेपलाञ्चोकमा मात्रै ५५ वटा खानेपानी का परियोजना सम्पन्न गरी चार हजारभन्दा बढी जनसङ्ख्यालाई स्वच्छ खानेपानीको पहुँच पुर्याएको छ । ती योजनाबाट जिल्लामा थप चार हजार ७२ नागरिक प्रत्यक्ष लाभान्वित भएको कार्यालय प्रमुख श्रृष्टि ख्वालापालाले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा भने बनेपा, धुलिखेल, बेथानचोक, महाभारत र तेमालमा नयाँ धारा जडानको योजना अघि बढाइने प्रक्रियामा रहेको जनाइएको छ । बाँकी आठ स्थानीय तहमा ५५ आयोजना सम्पन्न गरिएको र बाँकी क्रमागतः करिब दुई दर्जन आयोजना निर्माणाधीन रहेको कार्यालयले जनाएको छ । “विशेष गरी प्रदेश सरकारको बजेटमार्फत आठ स्थानीय तहका ग्रामीण क्षेत्रमा आयोजना सञ्चालन गरी खानेपानी को पहुँच विस्तार भइरहेको हो, हालसम्म सम्पन्न भएका र सञ्चालनमा रहेका आयोजनाको बजेट सिलिङ भने सूचीकृतको चरणमै छौं”, प्रमुख ख्वालापालाले भन्नुभयो ।

एकै वर्षमा एक हजारभन्दा बढी नयाँ धारा थपिनुले ग्रामीण तथा खानेपानीको पहुँच कमजोर रहेका क्षेत्रमा आधारभूत खानेपानी पूर्वाधार विस्तारमा प्रदेश सरकारको लगानी बढेको तथ्याङ्कले देखाएको प्रमुख ख्वालापालाको भनाइ छ । उहाँका अनुसार सबैभन्दा धेरै धारा भुम्लु गाउँपालिकामा ३३८, त्यसपछि रोशीमा ३०६, पनौती नगरमा १८८, नमोबुद्ध नगरमा ५५, पाँचखाल नगरमा ४१, चौरी देउरालीमा ४१, खानीखोलामा ३६ तथा मण्डनदेउपुर नगरपालिकामा १४ वटा नयाँ धारा जडान गरिएको छ ।

यस्तै नयाँ धारा निर्माणसँगै जिल्लाका विभिन्न स्थानीय तहमा खानेपानी पूर्वाधार विस्तार र सुधारका कामसमेत भएको पाइएको छ । जसनुसार बनेपामा छ, पनौतीमा तीन, धुलिखेल, बेथानचोक र महाभारतमा एक/एक, नमोबुद्धमा नौ, पाँचखाल मा चार तथा मण्डन देउपुरमा पाँच वटा खानेपानी आयोजना सम्पन्न भएका हुन् । त्यस्तै रोशीमा छ, खानीखोलामा चार, तेमालमा दुई, भुम्लुमा तीन र चौरीदेउरालीमा १० वटा आयोजना सम्पन्न गरिएको ख्वालापालाले जानकारी दिनुभयो ।

यस्तै ५० दशमलव ५८ किलोमिटर मुख्य ट्रान्समिसन पाइपलाइन र १०९ दशमलव ५५ किमी वितरण पाइपलाइन विस्तार गरिएको छ । यस अवधिमा ४७ पानीपोखरीका साथै १८ पम्पघर निर्माण गरिएको कार्यालयले जनाएको छ ।

उक्त आयोजना अन्तर्गत खानेपानीका स्रोत संरक्षण तथा ढुङ्गेधाराको मर्मत-पुनः स्थापना तर्फसमेत काम भएका छन् । सात वटा पानीको स्रोत संरक्षण तथा ढुङ्गेधारा मर्मत-पुनःस्थापना, ३७० मिटर ढल निर्माण, ३९ भल्भ च्याम्बर, दुई कलेक्सन च्याम्बर, तीन वासआउट च्याम्बर र तीन ब्रेक प्रेसर ट्याङ्की निर्माण गरिएको कार्यालयले जनाएको छ ।

## जनप्रतिनिधिले प्रधानमन्त्रीसँग भन्नुभयो - विपद्मा संघीय सरकारको दरिलो साथ-सहयोग पायौँ

काठमाडौँ । भोटोकोशी बाढी प्रभावित क्षेत्रका स्थानीय जन प्रतिनिधिले विपद्को समयमा सङ्घीय सरकारले प्रभावात्मक काम गरेको भन्दै प्रसंशा गर्नुभएको छ । यही भदौ १० गतेको बाढीलगत्तै खोज, उद्धार, उपचार तथा राहत व्यवस्थापनका लागि केन्द्र सरकारले चालेका कदमको उहाँहरूले सराहना गर्नुभयो ।

प्रधानमन्त्री वालेन्द्र शाह सँग सोमबार भएको छलफलमा उहाँहरूले बाढीपछिको काममा केन्द्र सरकारले प्रदेश र स्थानीय तहसँग सुरुदेखि नै समन्वय गरिरहेको बताउनुभयो ।

छलफलमा जनप्रतिनिधि हरूले बाढीलगत्तै केन्द्र सरकारले स्थानीय तहहरूसँग समन्वय गरी मन्त्री तथा कर्मचारीहरूलाई प्रभावित क्षेत्रमा निरन्तर खटाएको र खोज, उद्धार तथा राहतको नियमित अनुगमन गरिरहेको उल्लेख गर्नुभयो । प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रको वास्तविक स्थिति बुझ्न आफूहरूलाई कार्यालयमै बोलाएर छलफल गर्नु सकारात्मक भएको उहाँहरूको भनाइ थियो । धादिङ सिद्धलेक गाउँपालिकाका अध्यक्ष परशुराम खतिवडाले विपद्को समयमा सङ्घीय सरकारले प्रभावकारी काम गरेको बताउनुभयो । “यति ठूलो विपत्ति कहिल्यै आएको थिएन, विपद्लगत्तै सरकारले खोज, उद्धार र राहतलाई प्रभावकारी बनायो, विगतका विपद्मा त्यस्तो देखिएको थिएन, म यसका लागि सरकारलाई धन्यवाद दिन चाहन्छु”, उहाँले भन्नुभयो ।

नुवाकोट विदुर नगर पालिकाका अध्यक्ष राजन श्रेष्ठले केन्द्र सरकारको समन्वयमा तत्काल खोज, उद्धार सुरु भएकामा सङ्घ सरकारको प्रशंसा गर्नुभयो । उहाँले नियमित अनुगमन र निरीक्षण सङ्घबाट प्रभावकारी रूपमा भइरहेको बताउनुभयो । भविष्यमा प्रभावित क्षेत्र का नागरिकहरूको पुनः र्स्थापनाका लागि सङ्घीय सरकार सँग निरन्तर सहकार्य, समन्वय र सहजीकरण गर्न आफूहरू तयार रहेको प्रतिबद्धता जनप्रतिनिधिहरूले व्यक्त गर्नुभएको थियो । विपद् व्यवस्थापन मा कुनै पनि भेदभाव नगरी काम हुनुपर्नेमा जोड दिँदै उहाँहरूले प्रभावित क्षेत्रमा विभिन्न गैर सरकारी सङ्घसंस्थाहरूले घर बनाइदिने र बालबालिकालाई आश्रय दिने जस्ता आश्वासन दिन थालेकाले संशय उत्पन्न भएको हुँदा निगरानी राख्न सरकारसँग आग्रह गर्नुभयो ।

जनप्रतिनिधिहरूले बाढी प्रभावित क्षेत्रमा तत्काल सडक सञ्जाल विस्तार, बेपत्ता व्यक्ति हरूको खोजी, सम्भावित महामारी रोकथाम तथा होल्डिङ सेन्टरमा रहेका नागरिकहरूलाई अस्थायी बसोबासको प्रबन्ध मिलाउन सरकारसँग माग गर्नुभयो । उहाँहरूले बाढी प्रभावित तटीय क्षेत्रलाई हरियाली क्षेत्रका रूपमा विकास गर्दै नजिकैको सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्न र त्यसमा आफूहरू पनि प्रतिबद्ध रहेको बताउनुभयो ।

छलफलमा गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, नुवाकोटका प्रतिनिधिसभा सदस्य एवं सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना र नुवाकोटबाटै निर्वाचित अर्का प्रतिनिधिसभासभा सदस्य अच्युतम लामिछाने सहभागी हुनुहुन्थ्यो ।

साथै सो क्रममा बागमती प्रदेश सरकारका मुख्यमन्त्री किरण थापामगरका साथै नुवाकोटको विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठ, बेलकोटगढी नगरपालिकाका प्रमुख जगतबहादुर गुरुङ, किस्पाङ गाउँपालिकाका अध्यक्ष विरबल तामाङ र तारकेश्वर गाउँपालिकाका अध्यक्ष शिव अधिकारी, रसुवाको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्याल, कालिका गाउँपालिकाका अध्यक्ष हरिकृष्ण देवकोटा र आमाछोदिङमो गाउँ पालिकाका अध्यक्ष बुचुङ तामाङ सहभागी हुनुहुन्थ्यो ।

साथै धादिङको गल्छी गाउँपालिकाका अध्यक्ष केदारनाथ खतिवडा, सिद्धलेक गाउँपालिकाका अध्यक्ष परशुराम खतिवडा, गजुरी गाउँपालिकाका अध्यक्ष गणेशलाल श्रेष्ठ र बेनीघाट रोराङ गाउँ पालिकाका अध्यक्ष कृष्णबहादुर थपलिया (विवेक), तनहुँको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापा र आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमान तथा गोरखाको गण्डकी गाउँपालिकाका अध्यक्ष दिपक तिमिल्सिना (साकार) पनि छलफलमा सहभागी हुनुहुन्थ्यो ।

## जग्गा तथा आवास निर्माण प्रदर्शनी हुँदै

काठमाडौँ । 'सिजी प्रोपर्टिज' ले काठमाडौंको भृकुटीमण्डपमा नवौं 'नेपाल जग्गा तथा आवास एवं निर्माण प्रदर्शनी' को आयोजना गर्ने भएको छ । 'सुरक्षित आवास, प्रत्येक नागरिकको अधिकार' भन्ने मूल नारासहित आयोजित यस एक्स्पोमा घर जग्गा खरिदकर्ताका लागि थुप्रै आकर्षक अफरहरू सार्वजनिक गरिएका छन् । उक्त एक्सपोमा रु ७७ लाख ५० हजारको घर योजना, २५ प्रतिशत छुट र रु पाँच हजार एकको टोकन बैना अफर गरिएको मीना अर्यालले इमेलमार्फत जानकारी दिनुभएको छ । काठमाडौँ नजिकै नुवाकोट र रसुवाका बासिन्दालाई पायक पर्ने क्षेत्रमा) तीन बेडरुम सहितको दुईतले आकर्षक घर करिब रु एक करोड ४० लाखसम्ममा उपलब्ध गराउनेछ ।

## केन्द्रीय कार्यसम्पादन समितिको निर्णयप्रति देउवा पक्ष असहमत

काठमाडौँ । नेपाली काङ्ग्रेसका पूर्व सभापति शेरबहादुर देउवा पक्षले महाधिवेशनको तालिका स्थगित नगरी संस्थापन पक्षले गरेको निर्णयमा आफूहरू सहमत हुन नसक्ने जनाएको छ ।

देउवा समूहका शीर्ष नेताहरूको सोमबार बिहान भएको छलफलमा संस्थापनको निर्णयप्रति सहमत हुन नसकिने सो समूहका नेता एनपी साउदले जानकारी दिनुभयो । संस्थापन पक्षले आइतबारको केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएर १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्य समितिका सबैलाई वर्तमान केन्द्रीय कार्यसमितिको सदस्यका हैसियतमा महाधिवेशनमा सह-भागिताका लागि विधान बमोजिम आवश्यक प्रबन्ध गर्ने निर्णय गरेको थियो ।

महामन्त्री प्रदीप पौडेलका अनुसार महाधिवेशनमा कोही नछुट्न् भनेर असहमति र चासोलाई संवाद र सहमतिबाट संबोधन गर्न निरन्तर पहलकदमीका लागि सो निर्णय गएिको हो ।

यसअघि पूर्वसभापति देउवा समूहले गत साउन २९ गतेदेखि तीन दिने राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो । सो सम्मेलनपछि संस्थापनइतर पक्षले काग्रेसको छुट्टै १५औं महाधिवेशन आगामी मङ्सिर २१ देखि २३ गतेसम्म काठमाडौंमा गर्ने निर्णय गरेको थियो ।

संस्थापन पक्षले यस अघि नै पार्टीको १५औं महाधिवेशन आगामी असोज १६ देखि १९ सम्म काठमाडौंमा गर्ने निर्णय गरिसकेको छ । यसरी दुवै पक्षले छुट्टाछुट्टै १५औं महाधिवेशन गर्ने निर्णय गरिसकेको भए पनि सहमति र एकताको प्रयास भने दुवै पक्षबाट कायमै राखेको देखिन्छ ।

## भक्तपुरमा केदारनाथ मन्दिर खुलाः साँझ महाआरती गरिँदै

भक्तपुर । भक्तपुरको दरबार स्वायरस्थित केदारनाथ मन्दिर हरितालिका (तीज)को उपलक्ष्यमा पहिलो पटक सर्वसाधारणका लागि सोमबार खुला गरिएको छ । तत्कालीन राजा यक्ष मल्लद्वारा स्थापित उक्त मन्दिर केदारनाथको दर्शनका लागि खुला गरिएको संस्कृति अध्येता गणेश रञ्जितकारले बताउनुभयो । मन्दिरका पुजारी प्रमिल राज सुवेदीले यसअघि केदारनाथ को जन्मोत्सव बुद्धजयन्ती अर्थात् वैशाख पूर्णिमा र महाशिवरात्रिको दिन वर्षमा दुईपल्ट खोलिँदै आएको थियो । तीजमा व्रत बसेका सर्व-साधारण लाई दर्शनका लागि सहज तुल्याउन बिहानदेखि मन्दिर खुला गरिएको हो । मन्दिर खुला भएसँगै दर्शनका लागि त्यहाँ पुग्ने महिलाको सहभागिता बाक्लो देखिएको छ । दर्शनका लागि मन्दिर दिनभर खुल्ला रहने जनाइएको छ । स्थानीय सविना बोहजुले त्यस मन्दिर पहिलो पल्ट दर्शन गर्न पाएकामा खुसी व्यक्त गर्नुभयो । विस २०७२ को भूकम्पमा भत्किएको बेला भित्रको महादेवको मन्दिर बाहिरिबाट दर्शन गरिएको बताउनुभयो । आज भित्र गएर दर्शन गर्न मौका मिलेको उहाँ बताउनुहुन्छ । भक्तपुर सम्पदा संरक्षण समूहका संयोजक सत्यराम सुवालले हरितालिका तीज २०८३ को अवसरमा दरबार स्क्वायरमै रहेको प्रसिद्ध चारधाम क्षेत्रमा एकैसाथ भव्य तथा दिव्य महाआरती पनि गरिने जानकारी दिनुभयो । उहाँका अनुसार तीजको दिन चारधाम क्षेत्रमा एकैपटक र एकै समयमा महाआरती सञ्चालन गरिन लागेको हो । धार्मिक तथा आध्यात्मिक महत्व बोकेको उक्त कार्यक्रममा तीजको व्रत बसेका तथा दर्शनका लागि आउने श्रद्धालु भक्तजनको सहभागिता रहने अपेक्षा गरिएको छ ।

## नेपाली संग्रहालयको सुरक्षा जोखिम उच्च

काठमाडौँ । नेपालमा राजनीतिक आन्दोलन तथा हुलदङ्गाको समयमा सङ्ग्रहालयको सुरक्षा प्रणाली कमजोर रहेको एक अध्ययनले देखाएको छ ।

सङ्ग्रहालयहरूमा आधारभूत भौतिक सुरक्षा व्यवस्था रहे पनि संस्थागत सुरक्षा नीति, नियमित सुरक्षा अडिट, प्रशिक्षित जनशक्ति, आपत्कालीन तयारी र राजनीतिक अशान्तिका समयमा सङ्ग्रहालय तथा सम्पदाको संरक्षण गर्ने स्पष्ट कार्यप्रणालीको अभाव रहेको अध्ययनले औंल्याएको हो ।

अध्ययन अनुसार धेरै सङ्ग्रहालयमा सुरक्षा गार्ड, सिसिटिभी, परिसरको पर्खाल, ताल्चा तथा ग्यालरी सुरक्षा जस्ता आधारभूत भौतिक सुरक्षा उपाय उपलब्ध भएता पनि औपचारिक संस्थागत सुरक्षा नीति र प्रणालीगत सुरक्षा, सङ्ग्रहालय विशेष सुरक्षा तालिमको सीमितता तथा राजनीतिक अशान्ति का लागि पूर्वतयारीको अभाव मुख्य कमजोरीका रूपमा देखिएका छन् । मानिस र वस्तुलाई दैनिक जोखिम बाट जोगाउने, जानाजानी हुने जोखिम रोक्ने, सुझाव छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com